# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, आषाढ २० गते २०२९ साल [ संख्या १२

श्री ५ को सरकार

### सञ्चार मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सगरमाथा अञ्चल, जिल्ला राजबिराजको निम्नलिखित जग्गा माइक्रोवेभ तथा स्थानिय टेलिफोन एक्सचेन्ज भवन बनाउनको लागि प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

प्रगन्ना जगदर मौजे गढिया बिसहरियाको पूर्व लालबहादुर बिष्ठको जग्गा, पश्चिम बिसहरिया रोड, उत्तर बुद्धिलाल यादव र जिवद्दी भन्ने सावित्रीदेवीको जग्गा दक्षिण राजनारायण झा र लक्ष्मीप्रसाद उपाध्यायको जग्गा यति ४ किल्लाभित्रको कित्ता नं. ५४६, ५४७ र ५५० को मालपोत रू. ३९।– (उनन्चालिस) लाग्ने जग्गा बिगहा १ (एक) को कित्ता – – –१

आज्ञाले–

चित्रबहादुर के. सी.

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

960

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।